आज मिति २०७९ साल चैत्र महिनाको १४ गते विहान ८:०० बजे बलेफी गाउँपालिकाका अध्यक्ष श्री गंगाबहादुर तामाङज्यूको अध्यक्षता र देहायको उपस्थितिमा बलेफी गाउँकार्यपालिकाको बैठक बसी देहायका बिषयहरुमा छलफल भै निम्नानुसारका निर्णयहरु गरियो।

उपस्थिति

| | |
|---|---|
| श्री गंगा बहादुर तामाङ | अध्यक्ष |
| श्री सरु लामा तामाङ | उपाध्यक्ष |
| श्री देवीलाल सापकोटा | सदस्य- सचिव |
| श्री हुप बहादुर खड्का | अध्यक्ष १ नं वडा कार्यालय |
| श्री छविलाल न्यौपाने | अध्यक्ष २ नं वडा कार्यालय |
| श्री रितेश तामाङ | अध्यक्ष ३ नं वडा कार्यालय |
| श्री सुर्जे तामाङ | अध्यक्ष ४ नं वडा कार्यालय |
| श्री श्री यादव ठकुरी | अध्यक्ष ५ नं वडा कार्यालय |
| श्री तेज बहादुर पराजुली | अध्यक्ष ६ नं वडा कार्यालय |
| श्री गृबिन्द्र कुमार चौंलागाई | अध्यक्ष ७ नं वडा कार्यालय |
| श्री रमेश कुमार श्रेष्ठ | अध्यक्ष ८ नं वडा कार्यालय |
| श्री ज्ञाने सुनार | कार्यपालिका सदस्य |
| श्री ईश्वरी भण्डारी | कार्यपालिका सदस्य |
| श्री रश्मी तामाङ | कार्यपालिका सदस्य |
| श्री समिक्षा भूजेल | कार्यपालिका सदस्य |
| श्री देवकी भुजेल | कार्यपालिका सदस्य |
| श्री कविता काफ्ले | कार्यपालिका सदस्य |

आमन्त्रित

शिक्षा अधिकृत श्री सल बहादुर पाण्डे

श्री सुकुलाल तामाङ (का. सहायक)

श्री चक्र बहादुर जि.सि. फिल्ड संयोजक, विश्व खाद्य कार्यक्रम

बैठकका प्रस्तावहरु

१. गरिव परिवार पहिचानको प्रारम्भिक सूची प्रकाशन तथा सो गुनासो प्रक्रिया सम्बन्धमा

क्रमशः-

२. गुनासो सुनुवाई अधिकारी तोक्ने
३. पालिका स्तरको गुनासो सुनुवाई समिति गठन गर्ने
४. वडा स्तरीय गुनासो सुनुवाई सहजिकरण समिति गठन गर्ने
५. गाउँपालिका स्तरको बाल अधिकार समिति गठन गर्ने
६. विविध

- गाडी भाडा सम्बन्धमा
- चालु आ.व. २०७९/०८० को स्वीकृत कार्यक्रममध्ये ठूलो छांगा क्यानोनिङ तथा रक क्लाईम्बिङ सम्भाव्यता अध्ययन प्रतिवेदन (वडा नं ३) तयार गर्ने कार्य सम्पन्न भइ सोको प्रतिवेदन प्राप्त भएकोले उक्त प्रतिवेदन स्वीकृत गरी तयार गर्ने परामर्शदातालाई भुक्तानी दिने
- यस गाउँपालिकाको संघीय सशर्त तर्फको राष्ट्रिय ग्रामिण तथा नवीकरणीय उर्जा प्रविधि(बायोमास/विद्युतीय चुलो/सुधारिएको चुलो/सौर्य उर्जा) मा विनियोजित रकमबाट गर्नु पर्ने काम सम्बन्धमा।
- यस गाउँपालिकाको बा २ झ ४९८९ नं. को बलेरो जिप मर्मत गर्नु पर्ने
- यस गाउँपालिकाको वडा नं. ४ का वडा अध्यक्षले प्रयोग गर्ने नं. बा.१.ब ५३०० को मोटर साईकलको विभिन्न मितिको सर्भिसिङ चार्ज रु १२,४००/- भुक्तानी दिने
- यस गाउँपालिकाको ५ नं. वडाका वडा अध्यक्षले प्रयोग गर्ने गरेका नं को मोटरसाइकलको मर्मत वापतको खर्च रकम रु............ भुक्तानी गर्ने
- चौथो बलेफी गाउँपालिका जिल्ला स्तरीय फूटबल प्रतियोगिता, २०७९ को बजेट विनियोजन
- मिति २०७९ चैत्र ४ गते देखि हुने चौथो बलेफी गाउँपालिका जिल्ला स्तरीय फुटवल प्रतियोगितामा बलेफी गाउँपालिकाबाट प्रतिनिधित्व गर्ने १८ जना खेलाडी र खेल शिक्षक २ जना समेतको स्वीकृत गर्ने
- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको खर्च स्वीकृत
- बलेफी गाउँपालिकाकाको वडा नं १ मा निर्माणाधिन कपिलेश्वर बृद्धाश्रम भवनको नयाँ आइटम सहितको भेरिएशन अर्डर स्वीकृति सम्बन्धमा ।
- बलेफी गाउँपालिकाको निर्माणाधिन प्रशासकीय भवन, क्वाटर र क्यान्टिन निर्माण कार्यको सम्झौता अवधि एक बर्ष थप गर्ने

CamScanner

- आमाबाबु दुवै गुमाएका बालबालिकाहरुको शिक्षा स्वास्थ्य र पोषणको सुनिश्चितता गरी सामाजिक संरक्षण गर्न रकम उपलब्ध गराउने
- सूचना प्रविधि अधिकृत करारमा नियुक्ति गर्न सूचना प्रकाशन गर्ने
- बाखा पकेट क्षेत्र निर्धारण सम्बन्धमा

निर्णयहरु

१. भूमि, व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयबाट सञ्चालन गरिएको गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम अन्तर्गत यस गाउँपालिकाबाट उपलब्ध गराइएको तथ्याङ्क विश्लेषण गरी उक्त मन्त्रालयबाट गरिव परिवारको रुपमा सूचीकृत भएका यस गाउँपालिकाका सबै वडाहरुको परिवारको प्रारम्भिक सूचीलाई गुनासो सुनुवाई मार्ग दर्शन, २०७८ बमोजिम सार्वजनिक गरी गुनासो सुनुवाई कार्यक्रम अगाडि बढाउनु पर्ने भएकाले भोलिका मितिदेखि लागु हुने गरी प्रत्येक वडा कार्यालय र गाउँ कार्यपालिकाको कार्यालयमा उक्त विवरण सहितको सूचना टाँस गरी सार्वजनिक गर्ने र सार्वजनिक गरेको १५ दिन भित्र यस गाउँपालिकाका गुनासो सुनुवाई अधिकारी समक्ष अनुसूची -२ वा अनुसूची -३ बमोजिमको ढाँचामा सम्पूर्ण विवरणहरु स्पष्टसँग भरी गुनासोसँग सम्बन्धित निवेदन दिने ।

२. गरिब परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रमको गुनासो सुनुवाई प्रक्रिया अगाडि वढाउन यस गाउँपालिकाको वडा नं. ७ मा कार्यरत अधिकृत (छैठौं) श्री गितादेवी रिमाललाई गुनासो सुनुवाई अधिकारी तोक्ने ।

३. यस गाउँपालिकामा गुनासो सुनुवाई कार्यलाई सहजीकरण गर्न तपसिल वमोजिमका पदाधिकारी रहने गरी गुनासो सुनुवाई समिति गठन गर्ने:

क. उपाध्यक्ष श्री सरु लामा तामाङ - ---------------------संयोजक

ख. प्रमुख प्रशासकीय अधिकृत श्री देवीलाल सापकोटा - ----सदस्य

ग. बलेफी गाउँपालिकाका अध्यक्षले तोकेको बलेफी गाउँपालिका सिन्धुपाल्चोकको महिला सदस्य मध्येबाट श्री ईश्वरी भण्डारी -------------------------सदस्य

घ. गुनासो सुनुवाई अधिकारी श्री गितादेवी रिमाल-------------सदस्य सचिव

४. गाउँपालिका स्तरको गुनासो सुनुवाई समितिको कार्यमा आवश्यक सहजीकरण गर्न प्रत्येक वडामा देहाय बमोजिमको वडा स्तरीय गुनासो सुनुवाई सहजीकरण समिति सबै वडाहरुले अविलम्व गठन गर्ने:

(क)सम्वन्धित वडा अध्यक्ष - ------------------------------------संयोजक

(ख)दलित वा महिला वडा सदस्यमध्ये एक जना ----------- सदस्य
(ग)तथ्याङ्क सङ्कलन गर्न सम्वन्धित वडामा खटिएको गणक १ जना - सदस्य
(घ)सम्वन्धित वडाको वडा सचिव ---------------------------- सदस्य सचिव

५ देहाएका पदाधिकारी रहने गरी बलेफी गाउँपालिका बाल अधिकार समिति गठन गर्ने:
क. उपाध्यक्ष श्री सरु लामा तामाङ - -------------------------------अध्यक्ष
ख. महिला सदस्य वा दलित महिला सदस्यको तर्फबाट श्री समिक्षा भूजेल--सदस्य
ग. डा. श्री संजीव खड्का - ----------------------------------------सदस्य
घ. प्रहरी चौकी बलेफीका इन्चार्ज श्री चच्चे बहादुर थामी------------- सदस्य
ङ. विद्यालयका शिक्षकहरुका तर्फबाट आनन्द मा.वि. जलविरेश्री राज कुमार ढुंगाना----- सदस्य
च. महिला बालबालिका शाखा प्रमुख श्री भीमा देवी दुलाल------------सदस्य
छ. बाल अधिकार कर्मीको तर्फबाट श्री स्वस्थानी पराजुली----------- सदस्य
ज.महिला विकास समिति/संस्थाको प्रतिनिधिको तर्फबाट श्री ......
झ. सामाजिक कार्यकर्ताको तर्फबाट श्री ........
ञ. बालक्लव प्रतिनिधिमध्येबाट बाल समूह सञ्जालको अध्यक्ष श्री .....

६. विविध

- बलेफी गाउँकार्यपालिकाको कार्यालय सिन्धुपाल्चोकको बा.२.झ. ४०३१ नम्बरको स्कार्पियो जीपको इन्जिनमा धेरै समस्या आएर पटक पटक मर्मत सम्भार गरी चालु अवस्थामा ल्याएर पुन प्रयोग गर्दा छोटो छोटो समयमा पुन त्यस्ता समस्याहरु देखिनै रहने भएकोले उक्त सवारी साधन प्रयोग गर्न मर्मत खर्च र सुरक्षाका कारणले अनुपयुक्त देखिएको छ। तर यस गाउँपालिकाका अध्यक्ष तथा गाउँकार्यपालिकाको कार्यालयलाई एउटा चारपाङ्ग्रे जीप अति आवश्यक भएकोले हाललाई चालक र ईन्धनको खर्च गाउँ कार्यपालिकाको कार्यालयबाट व्यहोर्ने गरी र भाडा बापत मासिक रु १,७५,०००/ गाडी भाडा गाडि साहुलाई भुक्तानी हुने गरी बा. १३ च . ४३६५ नं. को स्कर्पियो जीप मिति २०७९ चैत्र १५ गतेदेखि आगामी २०८० असार मसान्त सम्मको लागि भाडामा लिने ।
- चालु आ.व. २०७९/०८० को स्वीकृत कार्यक्रममध्ये ठूलो छांगा क्यानोनिङ तथा रक क्लाईम्बिङ सम्भाव्यता अध्ययन प्रतिवेदन (वडा नं ३) तयार गर्ने कार्य सम्पन्न भइ सोको प्रतिवेदन प्राप्त भएकोले उक्त प्रतिवेदनको भुक्तानी दिने ।

कविता

- यस गाउँपालिकाको संघीय सशर्त तर्फको राष्ट्रिय ग्रामिण तथा नवीकरणीय उर्जा प्रविधि(वायोमास/विद्युतीय चुलो/सुधारिएको चुलो/सौर्य उर्जा) मा विनियोजित रकमबाट यस गाउँपालिकाका खाडिचौर, बलेफी, जलविरे लगायतका बजारहरुको लागि सौर्य सडक बत्ति जडान गर्ने र सोको खरिद प्रक्रिया अगाडि बढाउने।
- यस गाउँपालिकाको बा २ झ ४९८९ नं. को बलेरो जिप मर्मत गर्नु पर्ने भएकोले बागमती अटो वर्कसप प्रा.लि. मध्यपुर ठिमि-१६ लोकन्थलीबाट प्राप्त लागत अनुमान रु १,४६,५६५/- (भ्याट बाहेक) स्वीकृत गरी उक्त बलेरो जीप सोही बागमती अटो वर्कसप प्रा.लि. मध्यपुर ठिमि-१६ लोकन्थलीमा मर्मत गर्न मर्मत आदेश पठाई मर्मत गर्ने र सोको भुक्तानी दिने ।
- यस गाउँपालिकाको वडा नं. ४ का वडा अध्यक्षले प्रयोग गर्ने नं. बा.१.ब ५३०० को मोटर साईकलको विभिन्न मितिको सर्भिसिङ चार्ज रु १२,४००/- भुक्तानी दिने
- यस गाउँपालिकाको ५ नं. वडाका वडा अध्यक्षले प्रयोग गर्ने गरेका नं ८५३५ को मोटरसाइकलको मर्मत वापतको खर्च रकम रु ४०,०००/-भुक्तानी गर्ने
- यस गाउँपालिकाको ३ नं. वडाका वडा अध्यक्षले प्रयोग गर्ने गरेका नं ९१५६ को मोटरसाइकलको मर्मत वापतको खर्च रकम बढीमा रु ३५,०००/-भुक्तानी गर्ने
- यस गाउँपालिकाको ६ नं. वडाका वडा अध्यक्षले प्रयोग गर्ने गरेका नं ८४०२ को मोटरसाइकलको मर्मत वापतको खर्च रकम रु २५,०००/-भुक्तानी गर्ने ।
- यस गाउँपालिकाको ८ नं. वडाका वडा अध्यक्षले प्रयोग गर्ने गरेका नं ८४०४ को मोटरसाइकलको मर्मत वापतको खर्च रकम रु २७,३००/-भुक्तानी गर्ने ।
- बलेफी गाउँपालिकाको निर्माणाधिन प्रशासकीय भवन, क्वाटर र क्यान्टिन निर्माण कार्यको सम्झौता अवधि एक बर्ष थप गर्नु पर्ने प्राविधिकको आवश्यक कारण सहितको प्राप्त सिफारिसका आधारमा सम्झौता अवधी थप गर्ने ।
- यस गाउँपालिकाको-६ को अधेरी खोला झोलुङ्गे पुल र वडा नं ४ को सिस्नेघारी मजुवा झोलुङ्गे पूल निर्माणको लागि सिफारिस गरी पठाउने।
- चालु आ.व. २०७९/०८० मा बागमती प्रदेश सामाजिक विकास मन्त्रालय हेटौंडा मकवानपुरबाट आमाबाबु विहिन बालबालिका संरक्षण कार्यक्रम अन्तर्गत आमाबाबु दुवै गुमाएका बालबालिकाहरुको शिक्षा स्वास्थ्य र पोषणको सुनिश्चितता

गरी सामाजिक संरक्षण गर्न रु.७२०००।-अक्षररुपी बहत्तर हजार रुपैयाँ मात्र प्राप्त भएकोले उक्त कार्यक्रम स्थानीय तहमा विनियोजित सशर्त अनुदानको वार्षिक कार्यक्रम कार्यान्वयन मार्गदर्शन २०७९/०८० बमोजिम मापदण्ड पुगेका ~~संलग्न बमोजिमका~~ बालबालिकाहरुलाई ~~देहाय बमोजिमको~~ दामासाहीले रकम उपलब्ध गराउने निर्णय गरियो ।

- यस गाउँ पालिकाको सूचना प्रविधि अधिकृत पद रिक्त रहेकोले उक्त पदमा कर्मचारी करारमा लिन सूचना प्रकाशन गर्ने
- बाख्रा पकेट क्षेत्रको रुपमा यस गाउँपालिकाको वडा नं ३ र ४ लाई निर्धारण गर्ने।
- वडा नं ६ मा रहेको जालबारी आधारभूत स्वास्थ्य केन्द्रमा बर्थिङ सेन्टर स्थापना गर्ने र सोको लागि आवश्यक स्रोत साधनको व्यवस्था गाउँ कार्यपालिकाको कार्यालयबाट गर्ने ।
- चालु आ.व. २०७९/०८० मा बागमती प्रदेश सामाजिक विकास मन्त्रालय हेटौंडा मकवानपुरबाट आमाबाबु विहिन बालबालिका संरक्षण कार्यक्रम अन्तर्गत आमाबाबु दुवै गुमाएका बालबालिकाहरुको शिक्षा स्वास्थ्य र पोषणको सुनिश्चितता गरी सामाजिक संरक्षण गर्न रु. ७२,०००/- अक्षररुपी बहत्तर हजार रुपैयाँ मात्र प्राप्त भएकोले उक्त कार्यक्रम स्थानीय तहमा विनियोजित सशर्त अनुदानको वार्षिक कार्यक्रम कार्यान्वयन मार्गदर्शन २०७९/०८० बमोजिम मापदण्ड पुगेका बालबालिकाहरुलाई दामासाहीका हिसावले रकम उपलब्ध गराउने।
- बलेफी गाउँपालिकाकाको रोजगार सेवा केन्द्रमा आ.व. २०७९/०८० मा सूचिकृत हुन चाहने देहायको संख्याका बेरोजगारहरु वडागत रुपमा सिफारिस भई आएको हुँदा जम्मा ६९१ जना EMIS मा सूचिकरण लागि रोजगार सेवा केन्द्रमा पठाउने ।

| वडा नं | वडाबाट सिफारिश भई आएका आ.ब.२०८०/०८१ लागि सुचिकृत हुन चाहने बेरोजगारहरुको संख्या | कैफियत |
|---|---|---|
| १ | ६४ जना | |
| २ | ६९ जना | |
| ३ | १०१ जना | |

कविता

| | | |
|---|---|---|
| ४ | १४६ जना | |
| ५ | ११३ जना | |
| ६ | १२५ जना | |
| ७ | ३१ जना | |
| ८ | ४२ जना | |
| जम्मा | **६९१ जना** | |

- बलेफी गाउँपालिकाकाको वडा नं १ मा निर्माणाधिन कपिलेश्वर बृद्धाश्रम भवनको नयाँ आइटम सहितको भेरिएशन अर्डर स्वीकृतिका लागि यस गाउँ कार्यपालिकाको कार्यालयका प्राविधिक शाखाबाट भएको सिफारिस मनासिव भएकाले उक्त भवनको भेरियशन आदेश रकम रु. १८,४७,८८९/- स्वीकृत गर्ने र सोही बमोजिमको आदेश निर्माण व्यवसायिलाई दिइ काम गराउने ।